सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/2023-2025

वर्ष ५७ | गान्तोक, (मङ्गलबार) ३ सेप्टेम्बर, २०२४ | अङ्क २७

## राज्यपाल श्री ओम प्रकाश माथुरले तिरुपति बालाजी मन्दिरमा गर्नुभयो पूजाअर्चना



**राजभवन।**
राज्यपाल श्री ओम प्रकाश माथुरले गत ३१ अगस्तको दिन तिरुपति बालाजी मन्दिरको निरीक्षण गर्नुभयो। निरीक्षणको क्रममा उहाँले पूजाअर्जना गर्नुका साथै भगवान् भेनकेटेश्वरको आशीर्वाद लिनुभयो।

तिरुपति बालाजी मन्दिर धर्मको निम्ति मात्र नभएर संस्कृति सम्पदाको प्रतिक रहेको राज्यपालले जानकारी गराउँनुभयो।

## मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गुवाहटीस्थित मा कामख्या मन्दिरमा गर्नुभयो पूजाअर्चना

गुवाहटी।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गुवाहटीस्थित मा कामख्या मन्दिरमा गत १ सेप्टेम्बरको दिन सिक्किमेली जनताकातर्फबाट पूजाअर्चना गर्नुभयो।

सिक्किम अनि सिक्किमेली जनताको हित अनि कल्याणको निम्ति माँ कामाख्यालाई इमान्दारीपूर्वक प्रर्थना गर्नु पाउनु साँचै ईश्वरीय अनुभव रहेको जानकारी मुख्यमन्त्रीले बताउनुभयो।

## मुख्यमन्त्रीको केन्द्रीय राज्य मन्त्री डा. जितेन्द्र सिंहसँग गर्नुभयो भेट

गान्तोक।
मुख्यमन्त्री प्रेमसिह तामाङले नयाँ दिल्लीमा केन्द्रीय कार्मिक, लोक शिकायत एवम् पेन्शन राज्य मन्त्री डा. जितेन्द्र सिंहसँग गत २८ अगस्तको दिन भेट गर्नुभयो। उक्त जानकारी मुख्यमन्त्रीले आफ्नो सामाजिक सञ्जाल मिडिया ह्याण्डल फेसबुकमा दिनुभएको थियो।
मुख्यमन्त्री तामाङले केन्द्रीय राज्य मन्त्री डा. सिंहसँग भएको भेटप्रति खुशी व्यक्त गर्नुभयो।

भेटघाटको क्रममा राज्यवासीको कल्याणका साथै विभिन्न विषयहरूमाथि चर्चा भएको उहाँले जानकारी गराउनुभयो।
मुख्यमन्त्रीलाई यस भेटले दृष्टिकोणहरू साझा गर्ने, विभिन्न गुनासोहरू सम्बोधन गर्ने तरिकाहरू छलफल गर्न बहुमूल्य अवसर रहेको बताउनुभयो।

## नयाँ दिल्लीमा मुख्यमन्त्रीको प्रधानमन्त्रीसित भेट



गान्तोक।
मुख्यमन्त्री प्रेमसिंङ तामाङले नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई गत २६ अगस्तको दिन भेट गर्नुभयो।
सिक्किमले १६ मई २०२५ मा भारतको २२औँ अङ्गराज्य बनेको स्वर्णजयन्ती पालना गर्नेछ। यसलाई केन्द्र गर्दै आधिकारिक रूपमा प्रधानमन्त्रीलाई आमन्त्रित गर्नुभएको थियो।
मुख्यमन्त्रीले आफ्नो आधिकारिक फेसबुक पेजमा भन्नुभयो, “मैले प्रधानमन्त्री नरेन्द्र मोदीलाई १६ मई २०१५ मा सिक्किम भारतको २२औं अङ्गराज्य बन्ने स्वर्णजयन्तीको अवसरलाई केन्द्र गर्दै औपचारिक निमन्त्रणा दिएको छु। यस भेटको क्रममा आफ्नो राज्य

रहल पृष्ठ २ मा..

## सिक्किम र असमका मुख्यमन्त्रीहरूले क्षेत्रीय विकास र स्वास्थ्य सेवाबारे गर्नुभयो छलफल



गुवाहाटी।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले असामका मुख्यमन्त्री डा. हेमन्त विश्व शर्मासित डिसपुरको लोकसेवा भवनमा गत १ सेप्टेम्बरको दिन भेट गर्नुभयो।
उहाँहरूले पूर्वोत्तर क्षेत्रको विकास र प्रगतिलाई अभिवृद्धि गर्न विभिन्न पहलहरूबारे छलफल गर्नुभयो।
गान्तोक र गुवाहाटीबीच हेलिकप्टर सेवाबारे महत्त्वपूर्ण छलफल रहेको थियो।

यो प्रस्तावित सेवाले क्षेत्रीय वृद्धि र कनेक्टिभिटीलाई प्रोत्साहन गर्दै दुवै राज्यका बासिन्दाहरूको पहुँचमा सुधार गर्ने लक्ष्य राखेको छ।

रहल पृष्ठ ४ मा..

# एसएसबी सिलीगुडीका महानिरीक्षकको मुख्यमन्त्रीसित भेट



गान्तोक।
सशस्त्र सीमा बल (एसएसबी, सीमा मुख्यालय, सिलगुड़ीका महानिरीक्षक सुधीर कुमारले गत २२ अगस्तको दिन मिन्तोकगाङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भेट गर्नुभयो।

बैठकमा सीमावर्ती क्षेत्रको वर्तमान सुरक्षा अवस्थालगायत विभिन्न गम्भीर विषयमा चर्चा गरियो। चर्चाको क्रममा समन्वय र प्रभावकारितामा सुधार गर्ने उद्देश्यले हालैका घटनाक्रम र पहलहरूको समीक्षा पनि समावेश थियो। महानिरीक्षक कुमारसँग डीआईजी सेक्टर हेडक्वार्टर, गान्तोकका बववान सिंह र सेक्टर हेडक्वाटरका उपकमाण्डर सुनिलकुमार उपस्थित रहेका थिए।

# सिक्किम विश्वविद्यालयमा एनईपी-२०२० अन्तर्गत यूजी पाठ्यक्रम विकास कार्यशाला आयोजित

गान्तोक।
सिक्किम विश्वविद्यालयले राष्ट्रिय शिक्षा नीति(एनईपी) २०२० को लर्निङ आउटकममा आधारित पाठ्यक्रम रूपरेखा( एलओसीएफ) अनुरूप अण्डर ग्रयाजुएट(यूजी) पाठ्यक्रमको तयारीमाथि एक कार्यशाला सफलतापूर्वक आयोजना गरेको छ। सिक्किम विश्वविद्यालयको एनईपी समितिद्वाका आयोजितच कार्यशाला २७ अगस्त,२०२४ मा गान्तोकको मेन्ट्रो पोइन्टस्थित पर्यटन र नागरिक उड्डयन विभागको सम्मेलन हलमा आयोजित भएको थियो।

उद्घाटन कार्यक्रममा मुख्य अतिथिका रूपमा शिक्षा, खेलकुद तथा युवा मामिला तथा संसदीय मामिला विभागका मन्त्री राजु बस्नेत, उच्च तथा प्राविधिक शिक्षाका निर्देशक तथा विशेष सचिव भीम ठटाल, सिक्किम विश्वविद्यालयका उपकुलपति वरिष्ठ प्रा. ज्योति प्रकाश तामाङले उद्घाटन कार्यक्रमको अध्यक्षता गरेका थिए। कार्यक्रममा सिक्किम विश्वविद्यालयको एनईपी समितिका सदस्य, सम्बद्ध कलेजका प्राचार्यगण र सिक्किम विश्वविद्यालय अन्तर्गत विभिन्न सम्बद्ध कलेजका ३१ कार्यरत यूजी विषय समितिका सदस्यहरू उपस्थित थिए। यस कार्यशाला सिक्किम विश्वविद्यालयको आफ्न शैक्षिक सुधारको राष्ट्रिय दृष्टिकोणसँग आफ्नो शैक्षिक सुधारको राष्ट्रिय दृष्टकोणसँग आफ्नो शैक्षिक मानकलाई सरेखित गर्ने निरन्तर प्रयासमा महत्त्वपूर्ण उपलब्धिको प्रतीक हो। यो कार्यक्रमले शिक्षाविद्, नीति निर्माता र प्रशासकहरूलाई अर्थपूर्ण चर्चामा संलग्न हुन र परिवर्तनकारी यूजी पाठ्यक्रमको लागि मञ्च प्रदान गऱ्यो। एनईपी समितिको अध्यक्ष प्रा. योडिडा भोटियाले सभालाई सम्बोधन गर्दै यूजी पाठ्यक्रमलाई एनईपी २०२० सँग तालमेल मिलाउन अत्यावश्यक भूमिकामा जोड दिनुभयो।

उच्च तथा प्राविधिक शिक्षाका निर्देशक एवम् विशेष सचिव श्री भीम ठटाल (एससीएस)-ले राज्यका शैक्षिक संस्थानहरूमा एनईपी -२०२० लागू गर्नमा व्यवहारिक चुनौती र अवसरहरूको बारेमा अन्तरदृष्टिपूर्ण दृष्टिकोण प्रदान गरे। उनको सम्बोधनले पाठ्यक्रम विकासका लागि सहयोगात्मक दृष्टिकोणको आधार तयार गऱ्यो। मन्त्री राजु बस्नेतले एक शक्तिशाली तथा उत्साहवर्धक भाषण दिए। जसले यस क्षेत्रमा शैक्षिक नवीनताको नेतृत्व गर्ने प्रयासमा सिक्किम विश्वविद्यालयलाई सहयोग गर्ने सरकारको प्रतिबद्धतालाई बलियो बनायो। सिक्किमको शैक्षिक प्रगतिलाई अगाडि बढाउन एनईपी २०२० को महत्त्वलाई प्रकाश पार्दै उनको उपस्थितिले कार्यक्रममा अधिक मूल्य जोड्यो।

सिक्किम विश्वविद्यालयका उपकुलपति वरिष्ठ प्रा. ज्योति प्रकाश तामाङले कार्यक्रमको अध्यक्षता गरे एवं एक प्रेरणादायक अध्यक्षीय भाषण दिए, जसमा शैक्षिक उत्कष्टतालाई बढावा दिन विश्वविद्यालयको समर्पण र समाजको समग्र विकासको लागि नयाँ शिक्षा नीति-२०२० लागू गर्नको लागि यसको सक्रिय भूमिकामा ध्यान केन्द्रित गरे। उनले विद्यार्थीलाई आत्मनिर्भर तथा राम्रो प्रकारले शिक्षित बनाउन एनईपीले अन्तः विषय दृष्टकोण राख्नुको महत्त्वलाई पनि प्रकाश पारे
(पीआइबी)

## नयाँ दिल्लीमा मुख्यमन्त्रीद्वारा .....

निमन्त्रणा दिएको छ। यस भेटको क्रममा आफ्नो राज्य सम्बन्धी विभिन्न विषयमाथि चर्चा गऱ्यौं"।
"यस ऐतिहासिक अवसरलाई मनाउन सिक्किम सरकारले हाम्रो राज्यको विलयपूर्व र विलयपछिको इतिहासलाई प्रतिनिम्बित गर्ने 'सुनौलो, समृद्ध तथा समर्थ सिक्किम' विषयवस्तु अन्तर्गत वर्षव्यापी कार्यक्रम आयोजन गरेको छ। हाम्रो निमन्त्रणालाई प्रधानमन्त्रीले कृपापूर्वक स्वीकार गर्नु भएकोमा यो हाम्रा लागि ठूलो सम्मान र खुशीको कुरा छ। प्रधानमन्त्रीको सम्मानजनक उपस्थितिले यस अवसरलाई साँच्चै अविस्मरणीय बनाउँदै यसको महत्व अभिवृद्धि गर्नेछ। यस विशेष, दिनमा प्रधानमन्त्रीको उपस्थितिमा सिक्किमको समृद्ध सांस्कृतिक सम्पदा र प्रकृतिक सौन्दर्य प्रदर्शन गर्न पाउनु ठूलो सुअवसर हुने मुख्यमन्त्रीले बताउनुभयो।

# पर्यटन मन्त्रीद्वारा बाघडुग्राको पर्यटक सूचना केन्द्रको भ्रमण

गान्तोक।
राज्यका पर्यटन विभागीय मन्त्री श्री छिरिङ थेन्डुप भोटियाले २८ अगस्तको दिन बाघडुग्रामा पर्यटक सूचना केन्द्रको निरीक्षण गर्नुभयो। मन्त्री श्री भोटिया चेन्नाई जाने क्रममा उहाँले केन्द्रको भ्रमण गर्नुभयो। मन्त्री श्री भोटियाले चेन्नाईपछि शिलङमा आयोजना हुने केन्द्रीय मन्त्रीहरूको एक महत्त्वपूर्ण सभामा भाग लिने बतीउनुभयो।

भ्रमणको क्रममा मन्त्री श्री भोटियाले पर्यटन सूचना केन्द्रका कर्मचारीहरूसँग उनीहरूको गुनासो ध्यानपूर्वक सुनेर उनीहरूको तत्काल आवश्यकताहरूको बारेमा जानकारी लिनुभयो। मन्त्रीले कर्मचारीहरूलाई राज्य सरकारले केन्द्रको सञ्चालनलाई वृद्धि गर्न हरसम्भव सहयोग प्रदान गर्ने आश्वासन दिँदै सिक्किम भ्रमणमा आउने पर्यटकहरूको निम्ति यस केन्द्रको महत्त्वमाथि जोड दिनुभयो। मन्त्री भोटियाको निरीक्षणको उद्देश्य तत्काल ध्यान र सुधार आवश्यक पर्ने क्षेत्रहरूको पहिचान गर्नु रहेको थियो।

उहाँले आगन्तुकहरूका लागि सहज र स्वागतयोग्य अनुभव सुनिश्चित गर्न, पर्यटक सूचना केन्द्रको स्तरवृद्धि गर्न आवश्यकता रहेको बोध गर्नुभयो। यसै क्रममा उहाँले बाघडुग्रा एयरपोर्टभित्र हेलिकप्टर बुकिङ काउन्टरमा राज्य पर्यटन विकास समितिका सदस्यहरूसँग पनि भेट गर्नुभयो।

## गृह विभाग
## सिक्किम सरकार
## गान्तोक

सं ६२/गृह/२०२४ मिति: २१/०८/२०२४

***अधिसूचना***

जबकी सिक्किम आधिकारिक भाषा ऐन,१९७७-ले नेपाली भाषालाई राज्यमा एउटा आधिकारिक भाषाको रूपमा मान्यता दिएको छ,
अनि जबकी, भारतको संविधानको धारा ३४४/(१)-ले नेपाली भाषालाई २० अगस्त,१९९२-मा आठौं अनुसूचीमा समावेश गर्ने प्रावधान दिनका साथै यसको संवर्द्धन र विकासलाई अनिवार्य गरेको थियो।
अनि जबकी, सिक्किमे जनताको सांस्कृतिक पूरा गर्ने एउटा पहलको दिशामा, राज्य सरकारले अबउसो, सबै आधिकारिक र राज्यपत्रहरू अङ्ग्रेजी र नेपाली दुवै भाषामा प्रकाशित गर्ने निर्णय लिएको छ।
राज्य सरकारको आदेश अनि नाममा।

**एसडी/-**
**विजय भूषण पाठक, आइपीएस)**
**मुख्य सचिव**

# मुख्यमन्त्रीको घोषणाअनुरूप गृह विभागद्वारा नेपाली भाषामा सरकारी अधिसूचना जारी गर्ने प्रक्रिया सुरु

गान्तोक
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले २० अगस्तमा ३३औँ नेपाली भाषा मान्यता दिवस समारोहको अवसरमा गर्नुभएको घोषणाअनुरूप राज्यको गृह विभागले आजबाट नेपाली भाषामा पनि अधिसूचना जारी गर्ने प्रक्रिया शुरू गरेको छ। अधिसूचनामा भनिएअनुसार राज्य सरकारले अबउसो सबै आधिकारिक अधिसूचनाहरू र राजपत्रहरू अङ्ग्रेजी र नेपाली दुवै भाषामा प्रकाशित गर्ने निर्णय लिएको छ।

यसका साथै, सिक्किमका सबै नागरिकहरूलाई सरकारी सूचना र सेवाहरूमा समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले यो निर्णय लिइएको सूचनामा जनाइएको छ। ताकि यसबाट पारदर्शितामा बढ़ावा मिलोस्। यस निर्णयले सिक्किमवासीको सांस्कृतिक सम्पदा र पहिचानमा नेपाली भाषाको महत्त्वलाई मान्यता दिएको छ।

# मुख्यमन्त्रीद्वारा महामहिम टुल्कु रिम्पोछे र साङ्गे लोडेसँग गर्नुभयो भेट



गान्तोक।

महामहिम निया जामगा टुल्कु रिम्पोछेले मुख्यममन्त्री पीएस गोलेलाई उहाँको आधिकारिक निवास मिन्तोगाङमा गत २२ अगस्तको दिन भेट गर्नुभयो।

मुख्यमन्त्रीले सिक्किमे जनताको तर्फबाट प्रार्थना गर्नुभयो र सबै जनताको जीवनमा शान्ति र समृद्धिको कामना गर्नुभयो। उहाँको आध्यात्मिक उपस्थिति र ज्ञानले प्रेरणाको भावना ल्याएको छ।

अर्कोतिर, महामहिम खेन रिम्पेछि साङ्गे लोडोलाई मुख्यमन्त्री पीएस गोलेले आफ्नो आधिकारिक निवास मिन्तोकगाङमा न्यानो स्वागत जनाउनुभयो। सिक्किमे जनताको तर्फबाट उहाँको आर्शीवाद प्राप्त गर्नु अत्यन्त गौरवपूर्ण अनुभव भएको मुख्यमन्त्रीले बताउनुभयो। यसैक्रममा कालचिनीका विधायक विशाल लामा पनि उपस्थित थिए।

# जिल्लास्तरीय राष्ट्रिय खेल दिवस सम्पन्न

पाकिम।

खेल तथा युवा मामिला विभाग पाकिम जिल्लाले गत २९ अगस्तको दिन जिल्लास्तरीय राष्ट्रिय खेल दिवस-२०२४ सेन्ट जेवियर पाठशालाको खेल मैदानमा भव्यताको साथ सम्पन्न गऱ्यो।

राष्ट्रिय खेलकुद दिवसको महत्व पौराणिक हक्की आइकन, मेजर ध्यान चन्दलाई यसको वार्षिक श्रद्धाञ्जलिमा निहित छ। जसको मैदानमा उल्लेखनीय पराक्रमले उनलाई इतिहासमा सबैभन्दा ठूलो हक्की खेलाडीहरू मध्ये एकको उपाधि दिलायो।

मुख्य अतिथि डा नेत्र थापा, प्रमुख परामर्शदाता र एसटीएनएम अस्पतालका मनोचिकित्सक विभाग प्रमुखद्वारा सञ्चालित फिट भारत प्रतिज्ञा वाचनसँग उत्सव सुरु भएको थियो।

कार्यक्रमले समुदायभित्र खेलकुदको लागि विविध प्रतिभा र जोश प्रदर्शन गर्दै आकर्षक गतिविधिहरूको शृङ्खलाद्वारा सम्पन्न भयो। कार्यक्रममा एक माइल दौड, साथै जुनियर ब्वाइज फुटसल फाइनल समावेश थियो। त्यसैगरी, पाकिम शिक्षा विभाग र पाकिम जिल्ला खेलकुद संघबीच अन्तरविद्यालय बालिका फुटसल प्रतियोगितामा विभिन्न खेलकुद पृष्ठभूमिका व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

मार्सल आर्टको उत्कृष्टताको प्रदर्शनमा, पाकिममा टाइ क्वोन डो एसोसिएसनले मनमोहक टाइ क्वोन डु प्रदर्शनीका साथ आफ्नो कला प्रदर्शन गऱ्यो।

खेलकुद तथा युवा मामिला विभागका उपनिर्देशक निमदोर्जी भोटियाले शारीरिक स्वास्थ्य मात्र नभई व्यक्तिहरूबीच एकता र सौहार्दता पनि प्रवर्द्धन गर्न खेलकुदको महत्त्वलाई जोड दिनुभयो।कार्यक्रममा श्री सुनिल लिम्बुलाई खेलकुदमा उहाँको समर्पण र उत्कृष्टताको कदर गर्दै टाइ क्वोन डु-को क्षेत्रमा उपलब्धिहरूका लागि श्रद्धाञ्जलि अर्पण गरियो।

डिक्लिङ सिनियर सेकेण्डरी स्कूल, पाचे सिनियर सेकेण्डरी स्कूल र सेन्ट जेभियर्स स्कूलका युवा खेलाडीहरूको साथमा विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिताले उत्सवमा थप आकर्षण थियो।

कार्यक्रम समापन हुने बित्तिकै, सहभागी र उपस्थितहरुलाई उनीहरूको दिनभरीको प्रयास र खेलकुदको कदर गर्दै पुरस्कार र प्रशंसाले सम्मान गरियो।

साथै श्री एसपी भोटिया,डीएफओ (टी) सह अध्यक्ष, पाकिम फुटबल संघ; श्री बीके धमला, डीएफओ सामाजिक वन सह अध्यक्ष, पाकिम क्रिकेट संघ; श्री रोबर्ट लेप्चा, सहायक निर्देशक खेलकुद र युवा मामिला विभाग; श्री मनोज गुरुङ, सहायक निर्देशक खेलकुद तथा युवा मामिला विभाग; श्री हेमन्त गुरुङ, सचिव पिकलबल संघ सिक्किम; पाकिम युनाइटेड स्पोर्टिङ क्लबका महासचिव चुम्बी भोटिया, प्रहरी कर्मचारी, शिक्षक, विद्यार्थी, खेलकुद तथा युवा मामिला विभागका कर्मचारीहरूको बाक्लो उपस्थिति रहेको थियो।

# कृषिमन्त्री श्री पूरणकुमार गुरूङद्वारा दामलाखा, माम्जे र याक्तेन क्षेत्रको भ्रमण

पाकिम।

कृषि तथा बागवानी विभागका मन्त्री पूरणकुमार गुरुङले गत १ सेप्टेम्बरको दिन रिनाक निर्वाचन क्षेत्रअन्तर्गत दामलाखा, माम्जे याक्तेन र वरिपरिको क्षेत्र भ्रमण गर्नुभयो।

भ्रमणको क्रममा पञ्चायत उर्गेन लेप्चा, मुख्यमन्त्रीका सीए बुम छिरिङ योञ्जन, सामाजिक कार्यकर्ता साथै सम्बन्धित विभागका अधिकारी र स्थानीयको उपस्थिति रहेको थियो।

यस भ्रमणको मुख्य उद्देश्य प्रगतिशील कृषक र कृषि क्षेत्रका विभिन्न हितधारकहरूसँग कृषक समुदायका आवश्यकता र चिन्तालाई सम्बोधन गर्नु रहेको थियो।

यसैक्रममा मन्त्री गुरूङले व्यक्तिगत रूपमा कृषकहरूसँग अन्तरक्रिया गर्नुभयो।

यस क्षेत्रभित्र कृषि उत्पादन बृद्धिमा उनीहरूको अथक प्रयासको प्रशंसा गर्नुभयो।

मन्त्री गुरूङले यी मेहनती व्यक्तिहरूलाई विभागको तर्फबाट आफ्नो समर्थन र सहयोग प्रदान गर्न आग्रह गर्नुभयो।

उहाँले कृषि विकासका लागि अनुकुल वातावरण बनाउन आवश्यक सहयोग र स्रोत उपलब्ध गराइने आश्वासन दिनुभयो। भ्रमणका क्रममा कृषि विभागका अतिरिक्त निर्देशक छिरिङ छोपेल भोटिया, वार्ड पञ्चायत उर्गेन लेप्चासहित अन्यको उपस्थिति रहेको थियो।

# सोरेङ जिल्लामा सम्पन्न भयो तेस्रो जिल्ला विकास समन्वय तथा अनुगमन समिति (दिशा) को बैठक

सोरेङ।

सोरेङ जिल्ला विकास समन्वय तथा अनुगमन समिति (दिशा) का अध्यक्ष एवम् लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बाको अध्यक्षतामा सोरेङ रुर्बन कम्पलेक्सको सम्मेलन कक्षमा दिशाको सभा गत २८ अगस्तको दिन सम्पन्न भयो। सोरेङ, नयाँ जिल्लामा परिनत भएपछि यो तेस्रोपटक दिशा सभा सम्पन्न भएको हो। सभामा दिशाका सदस्य तथा सिक्किम विधानसभाका अध्यक्ष श्री एम एन शेर्पा, विधायक श्री इरुङ तेन्जिङ लेप्चा, पूर्व विधायक आदित्य गोले, जिल्ला पञ्चायतका उपाध्यक्ष चन्द्रवीर कामी, दिशाका सदस्य सचिव तथा चिल्लापाल श्री धीरज सुवेदी, अतिरिक्त जिल्लापाल (विकास) श्री ग्यास पेगा, जिल्ला पञ्चअचायतका सदस्यगण, ग्राम पञ्चायतका सभापतिगण, सोरेङ जिल्लाका विभागीय शीर्ष गण, विडिओ र विभागीय प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

सम्पन्न दिशा सभामा केन्द्र सरकारद्वारा सञ्चालित विभिन्न विकासीय योजना र जनकल्यानकारी सम्बन्धमा ११ वटा विभागका विभागीय, अधिकारीहरूले उक्त योजनाहरूको कार्यन्वयन र कार्य प्रतगिबारे चर्चा परिचर्चा गरियो। विभागीय अधिकारीहरूले दिशा समिति समक्ष राखिएका चर्चा परिचर्चा माथि दिशाका अध्यक्ष सांसद श्री इन्द्रहाङ सुब्बा, दिशा सदस्य द्वयविधान सभा अध्यक्ष श्री एमएन शेर्पा र विधायक श्री इरुङ तेन्जिङ लेप्चा, पूर्व विधायक श्री आदित्य गोले र जिल्ला साथै ग्राम पञ्चायतहरूले आ-आफ्नो मनतव्य राख्नुभएको थियो।

# सिक्किममा राष्ट्रिय खेलकुद दिवस २०२४ सम्पन्न

गान्तोक।

गत २९ अगस्तका दिन पाल्जर स्टेडियममा आयोजित दुइ दिवसीय राज्य स्तरीय राष्ट्रिय खेलकुद दिवस २०२४ को समापन दिनको अवसरमा सहकारी विभाग र ग्रामीण विकास विभागका मन्त्री श्री अरूण उप्रेती अनि शिक्षा विभाग, खेलकुद तथा युवा मामिला विभाग र कानून तथा संसदीय मामिला विभागका मन्त्री श्री राजु बस्नेत उपस्थित रहनुभएको थियो।

मेजर ध्यानचन्दको विरासतलाई सम्मान गर्दै अनि विभिन्न कार्यक्रम अनि गतिविधिहरूको माध्यमबाट खेलकुद अनि शारीरिक तन्दुरुस्तीलाई प्रोत्साहन गर्नका लागि देशमा प्रत्येक वर्ष २० अगस्तका दिन राष्ट्रिय खेलकुद दिवस मनाइने गरिन्छ। सो कार्यक्रम सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागद्वारा आयोजन गरिएको थियो। यस वर्षको खेलकुद दिवसको विषयवस्तु प्ले फर फिटनेस अनि हेल्दी लिभिङ (तन्दुरुस्त अनि स्वस्थ जीवनको लागि खेल्नुहोस्) रहेको थियो।

उक्त दिन शहरी विकास अनि खाद्य तथा नागरिक आपूर्ति विभागका मन्त्री श्री भोजराज राई, गान्तोकका क्षेत्र विधायक श्री दिले नामग्याल बर्फुङ्पा, गान्तोक नगर निगमकी उप मेयर श्रीमती छिरिङ पाल्देन भोटिया, राज्य सूचना आयोग श्री कुबेर भण्डारी, खेलकुद तथा युवा मामिला विभागकी सचिव श्रीमती योगिता राई, सूचना तथा जनसम्पर्क विभागकी सचिव श्रीमती अन्नपूर्णा आले, खेलकुद तथा युवा मामिला विभागका अतिरिक्त निदेशक डा. आर.बी. विश्वकर्मा, सोही विभागका संयुक्त निदेशक श्री जिग्मी वाई. लेप्चा, उप निदेशक श्री नवीन लामा, अर्जन पुरस्कार विजेता मुक्केबाज श्री जशलाल प्रधान (सिक्किम), द्रोणाचार्य पुरस्कार विजेता मुक्केबाजकी प्रशिक्षक श्रीमती सन्ध्या गुरुङ, विशिष्ट अतिथिगण, खेलकुद अधिकारीहरू अनि गान्तोक वरिपरिको स्कूलका विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

'मुख्यमन्त्री एक माइल दौड' (१४ वर्षदेखि मुनिका केटाकेटीहरू)-को निम्ति मन्त्री श्री अरूण उप्रेतीले हरियो झण्डा देखाउनुभएको थियो भने यस्तै प्रकारले ५ किलोमिटर दौड़को निम्ति खेलकुद तथा युवा मामिला विभागकी सचिवले हरियो झण्डा देखाउनुभएको थियो।

दौडमा विजेता हुनेहरूलाई उपस्थित मन्त्रीहरूद्वारा नगद राशि वितरण गरिएको थियो। कार्यक्रमको अवधिमा विभिन्न स्कूलका छात्राहरूद्वारा लडाईं गर्ने खेल प्रदर्शन गरिएको थियो। यस्तै प्रकारले, महिला वर्ग अनि परुष वर्गको प्रदर्शनी फुटबल म्याच पनि खेलाइएको थियो।

# सिक्किमको पूर्व विधायक सङ्घद्वारा २२औँ स्थापना दिवस पालन

गान्तोक।
सिक्किमको पूर्व विधायक सङ्घ (एफएलएफएस) को २२औं स्थापना दिवसमागत २४ अगस्तका दिन एउटा महत्वपूर्ण कार्यक्रमको आयोजनामा सम्पन्न भयो। यस अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँका साथमा उहाँकी पत्नी श्रीमती कृष्णकुमारी राई, सिक्किम विधानसभाका अध्यक्ष श्री मिङ्मा नर्बू शेर्पा अनि सिक्किम विधान सभाकी उपाध्यक्ष सुश्री राजकुमारी थापा मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

मनन केन्द्रमा आयोजित सो कार्यक्रममा मन्त्रीमण्डलका मन्त्रीगण, विधायकगण, लोकसभा सांसद, सल्लाहकारगण, गान्तोक नगर निगम (जीएमसी)-का मेयर, उपमेयर अनि पार्षदगण, पूर्व विधायकगण, विभागाध्यक्ष, सम्बन्धित विभागका अधिकारीवर्ग अनि कर्मचारीवर्ग, महासङ्घका सदस्यगण, विशेष अतिथि अनि अन्य आमन्त्रित व्यक्तिहरूसामेल हुनुहुन्थ्यो।

२०२३ मा एफएलएफएस-को २१औँ स्थापना दिवसमा मुख्यमन्त्रीद्वारा गरिनुभएको घोषणापछि स्थापना दिवसलाई एउटा क्यालेण्डर कार्यक्रमको रूपमा मनाइन्छ, ताकि पूर्व विधायकहरूका बहुमूल्य योगदानहरूलाई सम्मान गर्न सकियोस्, जसका अनुभवहरूले जनता अनि राज्यको अधिक प्रभावी ढङ्गले सेवा गर्नमा सहायता गर्दछ।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले एफएलएफएसलाई शुभकामना दिनुभयो। उहाँले सङ्घलाई गैर-राजनीतिक दृष्टिकोणले हेर्ने महत्वमाथि जोर दिनुभयो। उहाँले भन्नुभएअनुसार प्रक्रिया अनि पार्टी सम्बद्धताहरू अलग-अलग हुनसक्छन्, तर उहाँहरूले आज जुन सिक्किमलाई बनाउनुभएको छ, त्यसमा आ-आफ्नो तरिकाले योगदान दिनुभएको छ।

मुख्यमन्त्रीले सिक्किमको राजनीतिक परिदृश्य अनि विकास पथलाई आकार दिनमा उहाँहरूद्वारा निभाउनुभएको आधारभूत भूमिकामाथि जोर दिनुभयो। उहाँहरूको विरासतले राज्यलाई कसरी प्रभाव पारेको छ भन्ने विषयमाथि प्रकाश पार्दै विभिन्न क्षमताहरूमा उहाँहरूको प्रयासको प्रशंसा गर्नुभयो।

दिवङ्गत विधायकहरूलाई श्रद्धाञ्जली अर्पित गर्दै मुख्यमन्त्रीले उहाँहरूको कार्यकालको अवधिमा गरिएका योगदान तथा राज्यको विकासमा उहाँहरूद्वारा छोड़िएका स्थायी प्रभावहरूको संज्ञान लिनुभयो।

उहाँले राज्य सरकारले राज्यको हितलाई टेवा दिनमा उहाँहरूको अपरिहार्य योगदानको कारण सङ्घलाई आवश्यक सहायता प्रदान गर्ने बताउनुभयो। यस अवसरमा, मुख्यमन्त्रीले केही घोषणाहरू गर्नुभयो, जसमा पूर्व विधायकहरूलाई प्रदान गरिने पेन्शनमा वृद्धि सामेल छन्, जसमा दुइवा अधिक कार्यकाल पूरा गरिसकेका विधायकहरूका निम्ति ५५,००० रुपियाँ अनि एक कार्यकाल पूरा गर्ने विधायकहरूका निम्ति ५०,००० रुपियाँ सामेल छन्। यो परिवर्तन सिक्किम विधानसभाको आगामी अनुपूरक अनुदान मागहरूपछि प्रभावी हुनेछ। मुख्यमन्त्रीले आगामी ४ सितम्बर, २०२४ को दिन पूर्व विधायकहरूको बैठक निर्धारित गर्नुभएको छ, जसमा उहाँहरूका गुनासोहरूलाई समाधान गरिनेछ।

राज्य सरकारले एफएलएफएस-लाई वार्षिक अनुदान सहायताको रूपमा २० लाख रुपियाँ प्रदान गर्नेछ, ताकि यस निधिको उपयोग पूर्व विधायकहरूको आपातकालीन तथा चिकित्सा आवश्यकताहरूलाई पूरा गर्नका लागि गर्न सकियोस्। पूर्व विधायकहरूको पहिचान पत्रको नवीनीकरण गरिनेछ, जसमा सिक्किम सरकारको 'लोगो' का साथै अशोक स्तम्भ पनि सामेल हुनेछ। २३ अगस्तको परिपत्रलाई ध्यानमा राख्दै दिल्लीमा स्थित सिक्किम हाउस अनि सेवा भवन तथा गुवाहाटीमा स्थित सिक्किम हाउसमा आवासकोनिम्ति प्राथमिकता आदेशको समीक्षा गरिनेछ।

उहाँले 'नशामुक्त सिक्किम' को दर्जा प्राप्त गर्नका लागि सामूहिक प्रयासको आवश्यकतामाथि पनि जोर दिनुभयो, जसले अन्य राज्यहरूलाई पनि यस्तो गर्नका निम्ति प्रेरित गर्नेछ, जसले 'नशा मुक्त भारत' को दृष्टिकोणमा पनि योगदान दिनेछ।

इण्डिया टुडेका 'मूड अफ द नेशन' सर्वेक्षणको घोषणामा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ ५५.७% को अग्रणी लोकप्रियता रेटिङका साथै सबैभन्दा लोकप्रिय मुख्यमन्त्रीका रूपमाअघि आउनुभएको छ।

मुख्यमन्त्रीले यस मान्यताको निम्ति सिक्किमका मानिसहरूको समर्थनको संज्ञान लिनुभयो।

उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको'विकसित भारत २०४७' को दृष्टिकोणअनुरूप, 'सुनौलो सिक्किम, समृद्धअनि विकसित सिक्किम २०४७' का उद्देश्यहरूको पूर्तिका लागि'टीम सिलाई समर्थन जुटाउँदै आफ्नो सम्बोधन समापन गर्नुभयो।

यस कार्यक्रमले सिक्किमको विधायी इतिहास अनियसको शासनको विकासमाथि चिन्तनको निम्ति एउटा मञ्च प्रदान गरेको थियो।

यस अवसरमा, एफएलएफएसले मुख्यमन्त्रीको अभिनन्दन गर्नका साथै विधानसभा अध्यक्ष अनि उपाध्यक्षलाई स्मृति चिह्न भेट गरेको थियो।

अभिनन्दन समारोहका`अवधिमा १९७३ को लोकतान्त्रिक आन्दोलनका गुमनाम नायकहरू श्री मोहन गुरुङ, श्री चिन काजी श्रेष्ठ, श्री नीलबहादुर दाहाल, श्री सुक छिरिङ शेर्पा, श्री सानु भाई मोहोते, श्री पूर्ण कुमार दुङ्गेल अनि श्री दावा छिरिङ भोटियालाई सम्मानित गरियो।

लोकतान्त्रिक आन्दोलन, जुन राजशाहीदेखि लोकतान्त्रिक राज्यमा एउटा ऐतिहासिक परिवर्तनको प्रतीक हो, पारम्परिक शासन संरचनाबाट एउटा महत्वपूर्ण प्रस्थान हो जुन सिक्किमवासीहरूलाई उनीहरूको शासनमा एउटा ठूलो आवाज प्रदान गर्दछ। कार्यक्रममा राज्यको पाँचौं अनि छैटौं विधानसभामा सेवा दिने पूर्व मन्त्रीहरू अनि विधायकहरूलाई पनि सम्मानित गरियो।

पूर्व मन्त्री डा. डिल्लीप्रसाद खरेल, श्री रनबहादुर सुब्बा, श्री गर्जमान गुरुङ, श्री मेन्लोम लेप्चा, श्री दल बहादुर गुरुङ, श्री छितेन दोर्जी लेप्चा र श्री राम बहादुर सुब्बा, पूर्व विधानसभा अध्यक्षहरू श्री सी.बी. सुब्बा अनि श्रीमती कलावती सुब्बा, पूर्व उपाध्यक्ष श्री मिङ्मा छिरिङ शेर्पा, पूर्व विधायक श्री अशोक कुमार सुब्बा (चोङ) र श्री सोनाम दोर्जी अनि पूर्व सांसद श्री ओङडेन छिरिङ लेप्चालाई सम्मान गरिएको थियो।

कार्यक्रममा एफएलएफएसको स्मारिका पूर्वियालोक अनि जन संवाद नामक पुस्तकको विमोचन पनि गरिएको थियो, साथै निबन्ध प्रतियोगिताको पुरस्कार वितरणको घोषणा पनि गरियो, जसको विषय थियो-सुनौलो सिक्किम, समृद्ध सिक्किम, समर्थ सिक्किम।

यसका साथै सांस्कृतिक प्रस्तुतिहरू, 'नशा मुक्त सिक्किम' नामक नाटक, देशभक्ति गीत अनि त्यसपछि एफएलएफएसको डक्युमेन्ट्री फिल्मको स्क्रीनिङ कार्यक्रमको थप आकर्षण रहेको थियो। यसअघि, पूर्व विधायक तथा एफएलएफएसका अध्यक्ष श्री डी.बी.ठटालले महासङ्घप्रति मुख्यमन्त्रीको समर्थनको निम्ति उहाँप्रति आभार व्यक्त गर्नुभयो।

उहाँले महासङ्घको यात्रा अनि यसको गठनपछिदेखि सङ्गठनको विकासमाथि प्रकाश पार्नुभएको थियो भने पूर्व मन्त्री तथा एफएलएफएसका सचिव श्री अरुण कुमार घतानीले धन्यवाद प्रस्ताव राख्नुभएको थियो।

# सोरेङको यात्री निवासको परिसरमा सफलतापूर्वक व्यापक स्वच्छता एवम् वृक्षारोपण अभियन आयोजित

सोरेङ।
सामाजिक कल्याण विभाग, वाणिज्यिक कर विभाग अनि श्रम विभागको सहयोगमा महिला सशक्तिकरणको निम्ति जिल्ला हब (डीएचईडब्ल्यू) सोरेङले गत २९ अगस्तका दिन सोरेङको यात्री निवासको परिसरमा सफलतापूर्वक व्यापक स्वच्छता एवम् वृक्षारोपण अभियन आयोजित गरेको थियो। 'एक पेड़ माँ के नाम' विषयवस्तु रहेको यो पहललाई पर्यावरणीय स्थिरता र हाम्रो दैनिक जीवनमा हरित अभ्यासहरू अपनाउने महत्त्वलाई रेखाङ्कित गर्ने उद्देश्यले डिजाइन गरिएको हो।

उक्त कार्यक्रममा विभिन्न विभागका समन्वित प्रयासहरूलाई दर्शाइएको थियो, जसले पर्यावरणीय प्रबन्धनप्रति एकीकृत प्रतिबद्धतालाई दर्शाउँदछ। प्रतिभागीहरू व्यापक सफाई गतिविधिहरूमा लागिपरेका थिए, फोहोर अनि मैलाहरूलाई हटाएका थिए, साथै यात्री निवास सोरेङको वरिपरि हरियालीलाई बढ़ाउनका लागि रूख अनि झाड़ीहरू लगाएका थिए। यस दोहोरो दृष्टिकोणले केवल क्षेत्रको सौन्दर्यलाई सुधार गर्ने काम मात्र नगरेर पर्यावरण संरक्षण अनि सामुदायिक कल्याणका व्यापक लक्ष्यहरूमा पनि योगदान दिएको छ।

यस अभियानमा प्रमुख व्यक्तित्वहरूको सक्रिय भागीदारी देखिएको थियो, जसमा महिला एवम् बाल विकास विभागकी सीडीपीओ श्रीमती गौरी तामाङको नेतृत्व अनि वकालतले कार्यक्रमको आयोजनमा महत्वपूर्ण भूमिका निभाएको थियो भने डीएचईडब्ल्यूकी डीएमसी नूतन लेप्चाका प्रयासहरूले समन्वय गर्न अनि संसाधन जुटाउनमा महत्वपूर्ण भूमिका निभाएको थियो। यसैगरी वाणिज्यिक कर विभागका सहायक आयुक्त दीपेन्द्र शर्मा अनि सोही विभागका सहायक आयुक्त समीर छेत्रीले अभियानको सफलताको निम्ति आवश्यक अन्तर-विभागीय सहयोगमाथि प्रकाश पार्नुभएको थियो।

श्रम विभागका सहायक श्रम आयुक्त प्रकाश छेत्रीले अभियानको योजना अनि कार्यान्वयनमा योगदान पुऱ्याउनुभएको थियो भने कल्याण निरीक्षक, श्रम निरीक्षक अनि विभिन्न विभागबाट भाग लिने सबै कर्मचारी सदस्यहरूको व्यावहारिक भागीदारीले कार्यक्रमका गतिविधिहरूलाई पूरा गर्न महत्वपूर्ण भूमिका निभाउनुभएको थियो।

उहाँहरूको सामूहिक उपस्थिति अनि भागीदारीले केवल पर्यावरण संरक्षण मात्र नभएर सामुदायिक भागीदारी अनि जिम्मेवारीलाई प्रोत्साहन दिनका लागि एउटा साझा प्रतिबद्धतालाई रेखाङ्कित गरेको थियो। यो अभियान पर्यावरणीय चुनौतीहरूको सामना गर्न अनि दिगो प्रथाहरूलाई प्रोत्साहन दिनमा सहयोगात्मक प्रयासहरूको सकारात्मक प्रभावको प्रमाणको रूपमा देखिएको छ।

महिला सशक्तिकरण जिल्ला हब सोरेङले यस सफल पहलमा उहाँहरूको अमूल्य योगदानकोनिम्ति सबै प्रतिभागीअनि समर्थकहरूप्रति आफ्नो आभार व्यक्त गरेको छ। समुदायभित्र जीवनको गुणस्तर अनि पर्यावरणीय स्वास्थ्यलाई बढ़ाउने यस्ता प्रयासहरूलाई जारी राख्न सङ्गठन समर्पित छ।

## सिक्किम र असमका मुख्यमन्त्रीहरूले ...

अस्पतालहरूबारे हाइलाइट गर्नुभयो। उहाँले असममा चिकित्सा हेरचाह खोजिरहेका सिक्किमेली बिरामीहरूलाई सहयोगको प्रस्ताव राख्दै दुई राज्यहरू बीचको सहयोग र आपसी सहायताको भावनालाई जोड दिनुभयो।

उक्त पहलले सिक्किम र असमबीचको सम्बन्धलाई प्रतिबिम्बित गर्दछ र गम्भीर स्वास्थ्य समस्याहरूको सामना गर्नेहरूका लागि राम्रो स्वास्थ्य सेवा पहुँच प्रदान गर्ने उद्देश्य राख्दछ।

## सुनौलो सिक्किम, समृद्ध सिक्किम अनि समर्थ सिक्किम

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 300 Cps. 03.09. 2024